४१ औं बैठक

आज मिति २०८२/०५/२२ गते बिहान ९:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १ :**

धनगढी उपमहानगरपालिका, ४ नं. वडा कार्यालयको पत्र सङ्ख्या २०८२।०८३ चलानी नम्बर ३६७ मिति २०८२।०५।१७ को वस्तीको तहगत क्षेत्र निर्धारण सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०५।११ को बैठकको निर्णय ४ बाट निर्णय भई आएको देहाय बमोजिमको तहगत क्षेत्र बमोजिम नै **४ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो।

**देहाय :**

१. यस वडाको धनगढी चौराहा देखि कैलाली पुलसम्मको पहिलो कित्ताको भू–भागलाई **सहरी क्षेत्र** निर्धारण गर्ने।

२. यस वडाको धनगढी चौराहा देखि वडा नं.१३ को सिमानामा रहेको 6 लेन सडकको पहिलो कित्ताको भू–भागलाई **सहरी क्षेत्र** निर्धारण गर्ने।

३. यस वडाको वसपार्कको प्रवेशद्वार र निकाशद्वार सँग जोडिएको र रातोपुल देखि घरेलु चोकको पहिलो कित्ताको भू–भागलाई **सहरी क्षेत्र** निर्धारण गर्ने।

४. भगवती टोलको सम्पूर्ण भू–भागलाई **सहरोन्मुख क्षेत्र** निर्धारण गर्ने।

५. एकता टोलको 6 लेन सडक देखि यातायात व्यवस्था कार्यालय जाने बाटोको पहिलो कित्ता र अक्सफोर्ड स्कूलको हालको चलनचल्तीको बाटो हुँदै काफ्ले रेष्टुरेन्टको पछाडीको नालासम्मको भू–भागलाई **सहरोन्मुख क्षेत्र** निर्धारण गर्ने।

६. शिवपुरी टोलको सम्पूर्ण भू–भागलाई **सहरोन्मुख क्षेत्र** निर्धारण गर्ने।

७. यस वडाको तुल्सी चोकको ४ नं.वडा कार्यालय रहेको स्थानलाई **सहरोन्मुख क्षेत्र** निर्धारण गर्ने।

८. एकता टोलको अक्सफोर्ड स्कूल जाने बाटोको पूर्व देखि एकता टोलको चार किल्ला भित्र पर्ने सम्पूर्ण भू–भागलाई **ग्रामीण क्षेत्र** निर्धारण गर्ने। साथै तपसिलमा उल्लेखित चार किल्ला क्षेत्र (१) अक्सफोर्ड स्कूलको हालको चलनचल्तीको बाटोबाट पूर्व (२) तुल्सी चोक देखि उत्तर खल्ला बस्ती हुँदै शिवपुरी सामुदायिक वन उपभोक्ता समूहको नयाँ कार्यालय सम्मको बस्ति (३) शिवपुरी टोल सिमानाबाट पश्चिम (४) शिवपुरी सामुदायिक वन उपभोक्ता समूहको नयाँ कार्यालय कल्भर्ट भगवती टोलको सिमाना दक्षिण क्षेत्र रहने छ।

९. माथि उल्लेखित सि.नं.१ देखि ८ बाहेकको यस वडाको अन्य सम्पूर्ण भू–भागलाई **सहरोन्मुख क्षेत्र** निर्धारण गर्ने।

नोटः- यो बस्तीको तहगत क्षेत्र निर्धारण यस वडामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र जगाधनी प्रमाण पूर्जा वितरण प्रयोजनको लागि मात्र हुने छ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

## निर्णय नं. २

धनगढी उपमहानगरपालिकाको आन्तरिक आय तर्फ तपसिल बमोजिमका शिर्षकहरुमा ठेक्का प्रकृयाद्वारा बन्दोबस्त गर्ने तीन आ.व. ०८२।०८३, ०८३।०८४ र ०८४।०८५ का लागि ठेक्का रकममा १० प्रतिशत रकम वृद्धि भएको रकममा नै वृद्धि हुने गरि ठेक्का आह्वानको लागि सूचना प्रकाशन गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने मिति २०८२।०३।१० गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | आन्तरिक आयको ठेक्काको विवरण | आ.व. २०८२।०८३ का लागि पाँचौं पटक सूचना प्रकाशित गर्दा कायम भएको न्यूनतम बढाबढ अंक रु. | कैफियत |
|---|---|---|---|
| १ | भारतबाट आयात हुने माछा, मासु जन्य वस्तु, तरकारी, फलफुल, कोईला र गट्टुको प्रदुषण वापतको सेवा शुल्क | रु. २५,५०,०००।– (भ्याट बाहेक) | मिति २०८१।१२।२६, २०८२।०१।२६, २०८२।०२।१२, २०८२।०२।२० र २०८२।०३।०३ गते (क्रमशः प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ पटक) सूचना प्रकाशित गर्दा समेत कोही पनि बोलपत्रमा समावेश नभएकोले छैटौं पटकका लागि न्यूनतम मूल्य भ्याट बाहेक रु. २३,००,०००।- कायम गरी तीन बर्षका लागि १० प्रतिशत बृद्धि रकममा नै बृद्धि हुने गरी सूचना प्रकाशित गर्ने। |
| २ | कवाडी कर/पुन:प्रयोग हुने सामान | रु. १,७०,००,०००। (भ्याट बाहेक) | मिति २०८१।१२।२६, २०८२।०१।२६, २०८२।०२।१२, २०८२।०२।२० र २०८२।०३।०३ गते (क्रमशः प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ पटक) सूचना प्रकाशित गर्दा समेत कोही पनि बोलपत्रमा समावेश नभएकोले छैटौं पटकका लागि न्यूनतम मूल्य भ्याट बाहेक रु. १,५३,००,०००।- कायम गरी तीन बर्षका लागि १० प्रतिशत बृद्धि रकममा नै बृद्धि हुने गरी सूचना प्रकाशित गर्ने। साथै खाली बोरा, परालबाट बनेका पुरानो सामान वा पराल, धानको भुसा, राईस ब्रान, खली पिना, खण्डखुदीलाई करको शिर्षक दरबाट समेत हटाईएकोले न्यूनतम रकम घटाईएको। |

## निर्णय नं. ३

मिति २०८१।१२।२६, २०८२।०१।२६, २०८२।०२।१२, २०८२।०२।२० र २०८२।०३।०३ गते (क्रमशः प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ पटक) ई-बिडिङ मार्फत सूचना प्रकाशित गर्दा समेत कोही पनि बोलपत्रमा समावेश नभएकोले छैटौं पटकका लागि ई-बिडिङ र हार्ड कपि दुबै मार्फत सूचना प्रकाशित गर्न मिति २०८२।०३।१० गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ४**

धनगढी उपमहानगरपालिकाको आन्तरिक आय तर्फ आ.व. २०८२।०८३ का लागि तपसिल बमोजिमका शिर्षकहरुमा ठेक्का प्रक्रिया द्वारा बन्दोबस्त गर्न देहाय बमोजिमको न्यूनतम बढाबढ अंक कायम गरी सोही बमोजिम ठेक्का बन्दोबस्तको लागी सूचना प्रकाशन गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्न मिति २०८२।०३।१२ गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आन्तरिक आयको ठेक्काको विवरण | आ.व. २०८२।०८३ का लागि प्रथम पटक सूचना प्रकाशित गर्दा कायम भएको न्यूनतम बढाबढ अंक रु. | कैफियत |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | रु. ४५,९५,३३३।– (बहाल कर सहित) | मिति २०८१।१२।२६ गते प्रथम पटक सूचना प्रकाशित भएकोमा प्रकाशित सूचना अनुसार एकमात्र बोलपत्रदाताले मिति २०८२।०३।११ गते वहाल बिटौरी शुल्क संकलन गर्ने कार्यको सम्झौता गर्न नसक्ने भनी पत्र दर्ता गराएको र दोश्रो नम्बरमा कोही पनि नभएको । बजार मेनरोड भन्दा बाहिरका शाखा सडक र भित्री सडकहरुमा मात्र अस्थाई खोका, ठेला र छाप्राहरु लगाउन पाउने ब्यवस्थालाई प्रभावकारी नियमन गरेको साथै बहाल बिटौरी शुल्क तिर्नेहरु ४ दिन संचालित त्रिनगर स्कुलको हाट बजार भित्र प्रबेश गरेकोले प्रथम पटकको ठेक्का रकममा २० प्रतिशतले कम गरी दोश्रो पटकका लागि न्यूनतम बढाबढ मूल्य रु. ३७,०५,०००।- (बहाल कर सहित) कायम गरी ७ दिनको सूचना प्रकाशित गर्ने । |

**निर्णय नं. ५**

मिति २०८१।१२।२६ गते प्रथम पटक ई-बिडिङ मार्फत सूचना प्रकाशित गर्दा बोलपत्र प्रतिस्पर्धामा एक मात्र बोलपत्रदाता समाबेश भएकोले दोश्रो पटकका लागि ई-बिडिङ र हार्डकपि दुबै मार्फत ७ दिनको समय प्रदान गरी सूचना प्रकाशित गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्न मिति २०८२।०३।१२ गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने,
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ६**

धनगढी उपमहानगरपालिकाको आन्तरिक आय तर्फ आ.व. २०८२।०८३ का लागि तपसिल बमोजिमका शिर्षकहरुमा ठेक्का प्रक्रिया द्वारा बन्दोबस्त गर्न देहाय बमोजिमको न्यूनतम बढाबढ अंक कायम गरी सोही बमोजिम ठेक्का बन्दोबस्तको लागी सूचना प्रकाशन गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्न मिति २०८२।०४।०१ गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | आन्तरिक आयको ठेक्काको विवरण | आ.व. २०८२।०८३ का लागि तेस्रो पटक सूचना प्रकाशित गर्दा कायम भएको न्यूनतम बढाबढ अंक रु. | कैफियत |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | रु. ३७,०५,०००।- (बहाल कर सहित) | मिति २०८१।१२।२६ गते प्रथम पटक सूचना प्रकाशित भएकोमा प्रकाशित सूचना अनुसार एकमात्र बोलपत्रदाताले मिति २०८२।०३।११ गते वहाल बिटौरी शुल्क संकलन गर्ने कार्यको सम्झौता गर्न नसक्ने भनी पत्र दर्ता गराएको र दोश्रो नम्बरमा कोही पनि नभएको। मिति २०८२।०३।१३ र २०८२।०३।२२ गते दोश्रो र तेश्रो पटक ई-बिडिङ र हार्ड कपि दुबै मार्फत ७ दिनको समय प्रदान गरी सूचना प्रकाशित भएकोमा कोही पनि बोलपत्र प्रक्रियामा समाबेश नभएको । सूचनामा समेत बजार मेनरोड भन्दा बाहिरका शाखा सडक र भित्री सडकहरुमा मात्र अस्थाई खोका, ठेला र छाप्राहरु लगाउन पाउने ब्यवस्थालाई प्रभावकारी नियमन गरेको साथै बहाल बिटौरी शुल्क तिर्नेहरु ४ दिन संचालित त्रिनगर स्कुलको हाट बजार भित्र प्रबेश गरेकोले तेश्रो पटकको ठेक्का रकममा १० प्रतिशतले कम गरी चौथो पटकका लागि न्यूनतम बढाबढ मूल्य रु. ३३,३५,०००।- (बहाल कर सहित) कायम गरी ७ दिनको सूचना प्रकाशित गर्न सिफारिस गर्ने। |

**निर्णय नं. ७**

मिति २०८२।०३।२२ गते तेश्रो पटक ई-बिडिङ र हार्ड कपि कपि दुबै मार्फत ७ दिनको समय प्रदान गरी सूचना प्रकाशित भएकोमा कोही पनि बोलपत्र प्रक्रियामा समाबेश नभएकोले चौथो पटकका लागि ई-बिडिङ र हार्ड कपि दुबै मार्फत ७ दिनको सूचना प्रकाशित गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्न मिति २०८२।०४।०१ गतेको राजश्व परामर्श समितिको निर्णयबाट सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय र निर्णय अनुसार भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो।

आजको बैठक अन्त्य गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख